मुख्यमन्त्रीमा पृथ्वीसुब्बा

केशवशरण लामिछाने | *पोखरा*

एमाले सचिव तथा संगठन विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङ प्रदेश ४ को मुख्यमन्त्री नियुक्त भएका छन्। प्रदेश प्रमुख बाबुराम कुँवरले गुरुङलाई सोमबार मुख्यमन्त्री नियुक्त गरेका हुन्।

एमाले प्रदेश ४ को संसदीय दलका नेता गुरुङले आफूलाई प्रदेशसभाका बहुमत सदस्यको समर्थन रहेको हुँदा मुख्यमन्त्री नियुक्तिका लागि आवेदन गरेका थिए। आफू एमाले संसदीय दलको नेता चुनिएकोसमेत उल्लेख गर्दै उनले आफूलाई मुख्यमन्त्री बनाउन एमाले र माओवादी संसदीय दलका बैठकले गरेको निर्णयका प्रतिलिपिसमेत आवेदनसाथ संलग्न गरेका थिए। 'मलाई २७ जना प्रदेश सदस्य रहेको एमाले प्रदेश ४ को संसदीय दलको सर्वसम्मत नेता चयन गरिएको छ। प्रदेश ४ मा निर्वाचित १२ जना सांसदको समेत समर्थन रहेकाले संविधानअनुसार नियुक्त गरिपाऊँ', पृथ्वीसुब्बाले प्रदेश प्रमुखलाई दिएको आवेदनमा उल्लेख थियो।

संविधानको धारा १६८ को उपधारा (२) बमोजिम माओवादी केन्द्रको समर्थनमा बहुमत प्राप्त प्रदेशसभा सदस्य पृथ्वीसुब्बा गुरुङलाई प्रदेश प्रमुखबाट मुख्यमन्त्री नियुक्त गरिएको प्रदेश प्रमुखको कार्यालयका सचिव देवीप्रसाद ज्ञवालीले प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरे।

नियुक्ति बुझेलगत्ते गुरुङले अब प्रदेशको समृद्धिको योजना बनाउन लाग्ने बताए। 'आवधिक योजना बनाउने छौं', उनले भने, 'योजना हनिमुन पिरियडभित्रै बनाउने प्रयास हुनेछ।' उनले फागुन २ गते दिउँसो २ बजे शपथग्रहण गर्ने ठुंगो लागेको छ। मुख्यमन्त्री र प्रदेश प्रमुखले छलफलबाट शपथग्रहणको मिति र समय तय गरेका हुन्। एमाले र माओवादीले सत्ता गठबन्धनका लागि मुख्यमन्त्री र सभामुखको भागबन्डा गरेका छन्। सभामुख माओवादीको भागमा परेको छ। फागुन ३ गते चयन हुने सभामुखमा माओवादीले सांसद नेत्रनाथ अधिकारीलाई पठाउने निर्णय गरिसकेको छ। मन्त्री बन्न माओवादी र एमालेका सांसदहरूले कसरत गरिरहेका छन्।

मुख्यमन्त्री गुरुङले माओवादीसँग सल्लाह गरेर मन्त्रिपरिषद् विस्तारबारे निर्णय लिने बताएका छन्। ७ मन्त्रालयको भागबन्डाबारे एमाले र माओवादीले प्रारम्भिक छलफल भने गरिसकेका छन्। स्रोतका अनुसार माओवादीलाई ३० प्रतिशत दिने र एमालेलाई ७० को भागबन्डाबारे छलफल भएको छ। मुख्यमन्त्री गुरुङले शपथकै दिन मन्त्रिपरिषद् विस्तारबारे अहिल्यै भन्न नसकिने बताए।

६० सदस्यीय प्रदेश प्रदेशसभामा एमालेका २७ र माओवादीका १२ सांसद छन्। कांग्रेस १५, जनमोर्चा ३ र नयाँ शक्तिका २ जना र १ जना स्वतन्त्र सांसद छन्।

प्रदेश प्रमुख बाबुराम कुँवरबाट सोमबार नियुक्तिपत्र बुझ्दै पृथ्वीसुब्बा गुरुङ। ● केशवशरण

प्रदेश सरकार गठनमा ढिलाइ

लक्ष्मण पोखरेल | *बुटवल*

एमाले संसदीय दलका नेता शंकर पोखरेल फागुन ३ गते मात्र प्रदेश ५ को मुख्यमन्त्री हुने भएका छन्। सबैभन्दा छिटो मुख्यमन्त्री हुने निश्चित भए पनि उनले ढिलो गरी नियुक्ती पाउन लागेका हुन्। प्रदेश प्रमुखको कार्यालयबाट मुख्यमन्त्रीको शपथग्रहण फागुन ३ गते दिउँसो ३ बजे तोकिएको छ।

प्रदेश प्रमुख उमाकान्त झाले सोही दिन उनलाई नियुक्ती प्रदान गर्ने छन्। मुख्यमन्त्रीसँगै ३ सदस्यीय मन्त्रीमण्डल पनि सोही दिन गठन हुनेछ। एमालेका बैजनाथ चौधरी र माओवादी केन्द्रको संसदीय दलका नेता कुलप्रसाद केसी वा उपनेता कृष्णध्वज खड्कामध्ये एक जनाले मन्त्रीको शपथ लिने छन्। 'मन्त्रीमण्डलमा उहाँ दुई जनामध्ये को जाने निर्णय गर्न दललै जिम्मा दिएको छ', माओवादी केन्द्रका प्रमुख सचेतक दधिराम शर्माले भने, 'पहिलो दिन एक जना मन्त्री माओवादीबाट समावेश हुने छन्।'

मुख्यमन्त्री नियुक्तीसँगै मन्त्रालय बाँडफाँटमा पनि सहमति जुटाउने कसरत भएको छ। मुख्यमन्त्रीसँग आर्थिक मामिला तथा योजना मन्त्रालय हुनेछ भने माओवादीबाट जाने मन्त्रीले आन्तरिक मामिला तथा कानुन मन्त्रालय पाउने सहमति भइसकेको छ। भावी मुख्यमन्त्री शंकर पोखरेल, एमाले उपमहासचिव विष्णु पौडेल, माओवादी केन्द्रका नेता वर्षमान पुन, सचेतक दधिराम शर्मासहितको बैठकले मन्त्रालय बाँडफाँट गरेको हो। माओवादीले तीन मन्त्रालय पाउनेछ।

फागुन ३ गते शपथ लिने मन्त्रीलाई मन्त्रालय तोकिएको छैन। 'कुन मन्त्रालय ठुंगो लागेको छैन', मन्त्री बन्न लागेका बैजनाथ चौधरीले भने। उनले अन्य मन्त्री र मन्त्रालयको ठुंगो केही समयपछि लाग्ने बताए। एमाले सचेतक भूमिश्वर ढकाल र माओवादी सचेतक शर्मा उनको प्रस्तावक र समर्थक हुनेछन्। मुख्यमन्त्रीको शपथ भएकाले फागुन ४ गतेमात्रै उपसभामुख चयन हुने नेताहरूले बताएका छन्।

पूर्वाधार नहुँदा कठिनाइ

मन्त्रीमण्डल विस्तारका लागि पूर्वाधार चुनौतिपूर्ण बनेको छ। मुख्यमन्त्रीको कार्यालय र आवास तयार हुँदै गरे पनि अन्य मन्त्रालय र मन्त्री आवास तयार भइसकेका छैनन्। सरकार गठनपछि मात्र बजेट माग्न सकिने भएकाले सानो मन्त्रीमण्डलले नै केही समय काम गर्ने माओवादी सचेतक शर्माले बताए। 'सरकारले केही समय पूर्वाधार व्यवस्थापन गर्छ, अनिमात्र मन्त्रीमण्डल विस्तार हुनेछ', उनले भने।

गोविन्द बूढाबिहादुर सभामुख

बुटवल (अन्नपूर्ण) : ०६१ सालतिर जनवादी गीत 'कस्ले भन्छ यहाँ क्रान्ति सफल हुँदैन...' अत्यन्त चर्चित थियो। त्यही गीतका लेखक गायक हुन् पूर्णबहादुर घर्तीमगर। १७ वर्ष जनसांस्कृतिक समूहमा रहेर साहित्य र गीतले क्रान्तिको बिगुल फुक्ने घर्तीमगर अब प्रदेश संसद हाँक्दैछन्।

प्रदेश ५ को सभामुखको जिम्मेवारी पाउन लाग्दा उनी निकै उत्साहित छन्। 'समय फेरिँदै गर्दा क्रान्तिका स्वरूप पनि फेरिए। उहिले बन्दुकसँगै साहित्य र गीतमार्फत क्रान्तिकारीलाई गोलबन्द गरियो', उनले भने, 'अब नीति निर्माण गरेर जनताका पक्षमा काम गर्छौं।' पूर्वी रुकुम २ बाट प्रदेशसभामा निर्वाचित घर्तीलाई माओवादी संसदीय दलको बैठकले सभामुख बनाउने निर्णय गरेको हो। फागुन २ मा उनी सभामुख चयन हुनेछन्।

माओवादी केन्द्रको प्रदेश संयोजक रहेका नेता उनले चुनाव जित्नासाथ सभामुख हुने इच्छा देखाएका थिए।

प्रदेश ५ मा माओवादीले पदको बाँडफाँट लगभग ठुंग्याएको छ। संसदीय दलको नेतामा कुलप्रसाद केसी चयन भएका छन्। उपनेतामा कृष्णध्वज खड्का, प्रमुख सचेतकमा दधिराम शर्मा, सचेतकमा दामा शर्मा र सचिवालय सचिवमा तुलाराम घर्ती चयन भएका छन्। सरकार नेतृत्वकी विषयमा पनि छलफल भएको छ। माओवादीबाट नेता केसी र उपनेता खड्का दुवै सरकारमा नेतृत्व गर्न इच्छुक भएकाले आलोपालो हुने सम्भावना छ।

मुख्यमन्त्री कार्यालय सजाइँदै

बुटवल गोलपार्कनजिक श्रम कार्यालयको भवनमा मुख्यमन्त्रीसहित ४ मन्त्रालय राखिएका छन्। नयाँ भवनमा सजावटको काम सुरु गरिएको छ। मुख्यमन्त्री आवासका लागि राजस्व अनुसन्धान कार्यालयको भवनमा रंगरोगन गरिँदैछ। राजस्व भने वडा नं १२ नयाँगाउँमा सरेको छ।

प्रदेशमा अझै पर्याप्त कर्मचारी छैनन्। मन्त्रालयमा २०-३५ कर्मचारी हुने भए पनि एउटा मन्त्रालय सञ्चालन गर्न पुग्ने कर्मचारी पनि आइसकेका छैनन्। मुख्यमन्त्री, आन्तरिक मामिला तथा कानुन र उद्योग, पर्यटन तथा वन मन्त्रालय मात्र सञ्चालनमा छन्।

मनाङमा भारी हिमपात

नवीनराज कुइँकेल | *लमजुङ*

हिमाली जिल्ला मनाङमा सोमबार बिहानैदेखि भारी हिमपात भएको छ। हिमपातले जनजीवन कष्टकर हुनुका साथै सवारी आवागमन ठप्प बनेको छ।

चामे गाउँपालिकाको तिमाङ, दानाक्यु, चामे, माथिल्लो क्षेत्रको मनाङ, पिसाङ, हुम्डे, थोराङला, घ्यारु, ङावल, तिलिचो क्षेत्र साथै नारफु क्षेत्रलगायतमा हिमपात भएको स्थानीयले बताएका छन्। अन्नपूर्ण सर्किट पदमार्गका पर्यटक बीचबाटामै रोकिएका छन्।

नार आधारभूत विद्यालयका प्रधानाध्यापक कमल गुरुङले सडक र पदयात्रा मार्गमा हिउँ जम्ने गरी हिमपात भएको बताए। 'सोमबार बिहानैदेखि हिउँ पऱ्यो', उनले भने, 'दिउँसो अझै हिमपात बढ्दै गएको छ।' हिमपातले चामेबाट तल्लो क्षेत्र र माथिल्लो क्षेत्रमा सवारी गुड्न सकेका छैनन्।

तल्लो क्षेत्रभन्दा माथिल्लो क्षेत्रमा बढी हिमपात भएको स्थानीयले बताएका छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मनाङका अनुसार हिमपातले थोराङला र तिलिचो जाने पर्यटकलाई मौसमको अवस्था हेरेर पठाउने गरिएको छ। एक्यापले हिमपातपछि पर्यटकहरू अप्ठेरोमा परेको कुनै सूचना नआएको बताएको छ।

मनाङको चामेमा सोमबार हिउँ खेलेर रमाउँदै गरेका आन्तरिक तथा बाह्य पर्यटक। ● सौजन्य : बाबुलाल तिरुवा, एक्याप

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मनाङका प्रमुख बाबुलाल तिरुवाले पर्यटकलाई तिलिचो ताल तथा थोराङ् भञ्ज्याङ जान रोक लगाइएको बताए। सोमबार मात्रै २०/२२ जना पर्यटकलाई रोकिए को छ। 'हिउँ पर्न छाडेपछि अवस्था हेरेर मात्र पठाउँछौं', उनले भने। पर्यटकहरू हिउँ खेलेर रमाइरहेको उनले बताए।

प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तले हिमपातका बेला अन्नपूर्ण पदमार्गमा आउने पर्यटकको सुरक्षामा विशेष चासो राखिएको बताए। उनका अनुसार हिमपातले बाहिर निस्कन सक्ने अवस्था छैन। हिमपातले चिसो बढेको र जनजीवन कष्टकर बनेको उनले बताए। प्रजिअ पन्तका अनुसार बट्टवा र पर्यटकको आवतजावत रोकिएको छ।

स्थानीयका अनुसार अत्यधिक चिसोले साना खोलाहरू जमेका छन्। धारामा पानी भर्न सकेको छैन। हिउँमा चिप्लिएर लडिने भएकाले सर्वसाधारण आवतजावत गर्न सकेका छैनन्। मनाङसँगै लमजुङका उच्च भूभागमा पनि हिउँ परेको छ। केही दिनअघिसम्म हिउँ पग्लेर काला देखिएका मनाङ र लमजुङका हिमाल फेरि हिउँले ढाकिएका छन्। हिउँ परेपछि हिमालमा पनि रौनक देखिएको छ। माथिल्लो क्षेत्रमा हिउँ र तल्लो क्षेत्रमा पानी परेकाले किसान खुसी भएका छन्।

आगलागीमा दुई घर जले

प्युठान : सोमबार ऐरावती गाउँपालिका-३ पकला प्युठानका भोजबहादुर सारु र पुनाराम सारुको घरमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय प्युठानले जनाएको छ। डीएसपी राजेन्द्र पोखेलका अनुसार आगलागीबाट ४ लाख ५० हजार रुपैयाँ बराबर क्षति भएको छ। केटाकेटीको लापरवाहीले आगलागी भएको उनले जानकारी दिए। पीडितहरू छिमेकीको घरमा बसेको पोखेलले बताए।

फेदीखोला पनि अब प्रविधिमैत्री

स्याङ्जा (अन्नपूर्ण) : फेदीखोला गाउँपालिकाले दैनिक काम कारवाहीमा प्रविधिको उपयोग गर्न थालेको छ। सूचना प्रविधि अभियन्ता महावीर पुनले आइतबार गाउँपालिकालाई प्रविधिमैत्री घोषणा गरे।

गाउँपालिकाको वेबसाइट, मोबाइल एप र एससीएचएस (सिनियर सिटीजन हेल्थ सर्भिस), एमआईएस (म्यानेजमेन्ट सूचना शाखाबाट अनुमति लिएर प्रविधियुक्त अभियान सुरुआत गरेको गाउँपालिका अध्यक्ष घनश्याम सुवेदी बताउँछन्। फेदीखोला गाउँपालिकाको नामबाट सञ्चालित मोबाइल एप डाउनलोड गरेपछि गाउँपालिकाका सूचना, कार्यक्रम, विकास गतिविधि, जनप्रतिनिधिसँग गुनासो गर्ने अवसरलगायत सुविधा र जानकारी हुनेछ।

स्वास्थ्य रिपोर्ट अब उनीहरूका सन्तानले जहाँसुकै बसेर पनि हेर्न सक्नेछन्। गाउँपालिकाले प्रत्येक महिना ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गर्न ७ वटा स्वास्थ्य केन्द्रमा ५/५ जना स्वास्थ्यकर्मी परिचालन गर्दै आएको छ।

अहिले सूचना प्रविधिको युग भएको बताउँदै गाउँपालिकाद्वारा उपलब्ध सेवा, सुविधा, कार्यक्रम र सूचना व्यवस्थित बनाउन र सूचना

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुली

कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७४/११/०१)

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सिन्धुलीका लागी देहाय बमोजिमका नगर प्रहरी सेवा तर्फका कर्मचारीहरु करारमा लिनु पर्ने भएकोले निम्न बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

१. नगर प्रहरी सहायक निरिक्षक

१. **विज्ञापन नं. :** २/०७४/०७५
२. **आवश्यक संख्या :** १ (एक) पुरुष
३. **परीक्षाको किसिम :** प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा, शारिरीक परिक्षण, विस्तृत स्वास्थ्य परीक्षण परीक्षा, लिखित तथा अन्तर्वार्ता
४. **परीक्षाको मिति र समय :** दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिनेछ ।
५. **परीक्षा केन्द्र :** दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिनेछ ।
६. **परीक्षा दस्तुर :** रु. ४००।- (चार सय मात्र)
७. **दरखास्त दिने स्थान :** कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुली
८. **दरखास्त दिने अन्तिम मिति :** २०७४/११/१५ गतेसम्म मात्र
९. **अन्तर्वार्ता हुने मिति :** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।
१०. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तिर्ण नेपाली सेनाको जमदार वा नेपाल प्रहरीको सहायक प्रहरी निरिक्षक वा सशस्त्र प्रहरीको सशस्त्र प्रहरी सहायक निरिक्षकबाट अवकास प्राप्त ।

द्रष्टव्य :

क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु (अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाणपत्र (इ) नेपाली सेनाको जमदार वा नेपाल प्रहरीको सहायक प्रहरी निरिक्षक वा सशस्त्र प्रहरीको सशस्त्र प्रहरी सहायक निरिक्षक पदबाट अवकास प्राप्त भएको प्रमाण (ई) नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपी एवम् दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नुपर्ने छ । प्रमाणपत्रका प्रतिलिपीमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी प्रमाणित गरेको हुनुपर्दछ । विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेको हकमा समकक्षताको प्रमाण-पत्र समेत पेश गर्नुपर्नेछ ।

ख) दरखास्त दिने अन्तिम मितिसम्ममा ५० वर्ष ननाघेको हुनु पर्नेछ ।

ग) तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

ङ) पाठ्यक्रम दरखास्त बुझाउने स्थानबाटै प्राप्त गर्न सकिने छ ।

च) भविश्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

२. नगर प्रहरी हवल्दार

१. **विज्ञापन नं. :** ३/०७४/०७५
२. **आवश्यक संख्या :** १ (एक) पुरुष
३. **परीक्षाको किसिम :** प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा, शारिरीक परिक्षण, विस्तृत स्वास्थ्य परीक्षण परीक्षा, लिखित तथा अन्तर्वार्ता
४. **परीक्षाको मिति र समय :** दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिनेछ ।
५. **परीक्षा केन्द्र :** दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिनेछ ।
६. **परीक्षा दस्तुर :** रु. ४००।- (चार सय मात्र)
७. **दरखास्त दिने स्थान :** कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुली
८. **दरखास्त दिने अन्तिम मिति :** २०७४/११/१५ गतेसम्म मात्र
९. **अन्तर्वार्ता हुने मिति :** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।
१०. **आवश्यक न्यूनतम योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तिर्ण नेपाली सेनाको हवल्दार वा नेपाल प्रहरीको हवल्दार वा सशस्त्र प्रहरीको सशस्त्र प्रहरी हवल्दार पदबाट अवकास प्राप्त ।

द्रष्टव्य :

क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु (अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाणपत्र (इ) नेपाली सेनाको हवल्दार वा नेपाल प्रहरीको हवल्दार वा सशस्त्र प्रहरीको सशस्त्र प्रहरी हवल्दार पदबाट अवकास प्राप्त भएको प्रमाण (ई) नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपी एवम् दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नुपर्नेछ । प्रमाणपत्रका प्रतिलिपीमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी प्रमाणित गरेको हुनुपर्दछ । विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेको हकमा समकक्षताको प्रमाण-पत्र समेत पेश गर्नुपर्नेछ ।

ख) दरखास्त दिने अन्तिम मितिसम्ममा ५० वर्ष ननाघेको हुनु पर्नेछ ।

ग) तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

ङ) पाठ्यक्रम दरखास्त बुझाउने स्थानबाटै प्राप्त गर्न सकिने छ ।

च) भविश्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

३. नगर प्रहरी

१. **विज्ञापन नं. :** ४/०७४/०७५
२. **आवश्यक संख्या :** पुरुष ३ (तिन) र महिला ३ (तिन)
३. **परीक्षाको किसिम :** प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा, शारिरीक परिक्षण, विस्तृत स्वास्थ्य परीक्षण परीक्षा, लिखित तथा अन्तर्वार्ता
४. **परीक्षाको मिति र समय :** दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिनेछ ।
५. **परीक्षा केन्द्र :** दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिनेछ ।
६. **परीक्षा दस्तुर :** रु. ४००।- (चार सय मात्र)
७. **दरखास्त दिने स्थान :** कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुली
८. **दरखास्त दिने अन्तिम मिति :** २०७४/११/१५ गतेसम्म मात्र
९. **अन्तर्वार्ता हुने मिति :** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।
१०. **आवश्यक न्यूनतम योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ (आठ) वा सो सरह उत्तिर्ण ।

द्रष्टव्य :

क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु (अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाणपत्र (इ) नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपी एवम् दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नुपर्नेछ । प्रमाणपत्रका प्रतिलिपीमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी प्रमाणित गरेको हुनुपर्दछ । विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेको हकमा समकक्षताको प्रमाण-पत्र समेत पेश गर्नुपर्नेछ ।

ख) दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको हुनु पर्नेछ ।

ग) तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको